REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 17.11.2025

---

## सिक्किम पहिलो जैविक ठूलो अलैची निर्यात खेपको साथ कोसेढुङ्गा

सिक्किम सरकारको कृषि विभाग, सिक्किम इफ्को अर्गानिक्स लिमिटेड द्वारा उतपादित सिक्किमबाट ठूलो अलैचीको पहिलो प्रमाणित जैविक खेपलाई आज कृषि, वागवानी, पशुपालन र पशु चिकित्सा सेवा र मत्स्यपालन विभाग मन्त्री पुरन गुरूङले रमफुस्थित एकीकृ प्रसंस्करण सुविधा केन्द्रबाट आधिकारिक रूपमा झण्डा देखाएर उद्घाटन गर्नुभयो ।

किसानहरूलाई सहयोग गर्ने, निर्यात अवसरहरू बढ़ाउने र सिक्किमको ठूलो अलैचीको उत्कृष्ट गुणस्तर विश्वसामु प्रदर्शन गर्ने प्रयासहरूलाई अगाडि बढ़ाउँदै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा सिक्किमको जैविक उत्पादनलाई प्रवर्द्धन गर्ने दिशामा यो एक महत्तवपूर्ण कदम हो ।

---

## जिल्ला मत्स्यपालन विभागद्वारा रेशी, रेनोकमा किसान भेला आयोजना

माछापालन विकासलाई प्रवर्द्धन र सुदृढ़ पार्न आज रेशी, रेनोकस्थित स्थानीय लजमा प्रधानमन्त्री मत्स्यपालन विभाग, पाकिमले किसाम भेला आयोजना गरेको थियो ।

बैठकमा, जिल्ला मत्स्यपालन विकास अधिकारी, पाकिम, गौरी मुखियाले प्रमुख मत्स्यपालन योजनाहरू र नियामक प्रावधानहरूको बारेमा प्रस्तुति दिनुभयो ।

उनले प्रधानमन्त्री मत्स्यपालन योजना को सिंहावलोकन प्रस्तुत गर्नुभयो, र दिगो जलचर अभ्यासहरू मार्फत माछा उत्पादन र ग्रामीण जीविकोपार्जन बढ़ाउन केन्द्रित राज्य योजना, मुख्यमन्त्री मत्स्य उत्पादन योजना को बारेमा पनि विस्तृत रूपमा वर्णन गर्नुभयो ।

---

## राज्यस्तरीय विद्यालय खेलकुद 2025 गान्तोक जिल्लाले केटीहरूको समूहमा पहिलो स्थान हासिल गऱ्यो

खेलकुद तथा युवा मामिला विभागद्वारा आयोजित राज्यस्तरीय विद्यालय खेलकुद 2025 मा, गान्तोक जिल्लाले केटीहरूको समूहमा पहिलो स्थान हासिल गऱ्यो, त्यसपछि नाम्ची जिल्ला दोस्रो स्थानमा र पाकिम जिल्ला तेस्रो स्थानमा रह्यो ।

च्याम्पियनशिपमा एथलेटिक्स, धनुर्विद्या, बास्केटबल, कबड्डी, खो- खो, टेबल टेनिस र तेक्वान्दो लगायतका कार्यक्रमहरू समावेश थिए।

---

## भूकम्पको लागि नक्कली अभ्यास

आज गान्तोकस्थित पीएमश्री सर टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालयमा भूकम्प तयारी सम्बन्धी राज्यस्तरीय माँक ड्रिल अर्थात नक्कली अभ्यास सञ्चालन गरिएको थियो। सिक्किम राज्य आपदा प्रबंधन प्राधिकरणले राष्ट्रिय आपदा प्रबंधन प्राधिकरण र विभिन्न लाइन विभागहरूसँगको समन्वयमा यो अभ्यास आयोजना गरेको थियो। नक्कली परिदृश्यमा बिहान सबेरै आएको भूकम्पको नक्कल गरियो, जसमा विद्यालयको एउटा भाग गम्भीर रूपमा क्षतिग्रस्त भएको र धेरै विद्यार्थी र कर्मचारीहरू भित्र फसेको देखाइएको थियो। एनडीएमएका सेवानिवृत्त प्रमुऱ सल्लाहकार मेजर जनरल सुधीर बहलले अभ्यासको समीक्षा गरे र अभ्यासको निरीक्षण गर्ने नोडल अधिकारीहरूसँग अन्तरक्रिया गरे।

---

## हिसे ओङ्मु शेर्पा

माथिल्लो दरम्दिन तारको साइली गोलईमा एउटा हृद्यस्पर्शी र ऐतिहासिक उत्सव आयोजना गरियो, जहाँ दरम्दिन निर्वाचन क्षेत्रका बासिन्दाहरू, सिक्किम आइडल सिजन 2 को नवनिर्वाचित विजेता हिसे ओङ्मु शेर्पालाई स्वागत गर्न ठूलो संख्यामा भेला भए।

यो उत्सवले उनको उपलब्धिलाई सम्मान मात्र गरेन तर उनका लागि एक आशाजनक संगीतमय यात्राको शुरूआत पनि गऱ्यो।

---

## अल इन्डिया गभर्नर्स गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025

पाल्जोर स्टेडियममा जारी 15 औं अल इन्डिया गभर्नर्स गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025 मा सिक्किम ड्र्यागन्स फुटबल क्लबले बलियो अभियान सुरू गरेको छ। आज खोलिएको तेस्रो प्री- क्वालिफायिङ्ग खेलमा, घरेलु टोली सिक्किम ड्र्यागन्स एफसीले तिब्बती राष्ट्रिय फुटबल संघलाई 5-0 ले पराजित गर्दै प्रतियोगिताको प्रि- क्वार्टर फाइनल चरणमा प्रवेश गरेकोछ।

आज खेलिएको अन्तिम pre qualifying match मा घरेलु टोली, सिक्किम आक्रमम स्पोर्टिङ क्लब, सर्भिसेस इलेवनसँग 0-3 ले पराजित भएको छ। सर्भिसेस इलेवनले अब नोभेम्बर 20 मा प्रि- क्वार्टरफाइनल खेलमा आई- लिग टोली सुदेवा दिल्ली फुटबल क्लबसँग खेल्नेछ।

---

वागवानी विभागको वरिष्ठ अधिकारी प्राविधिक टोलीले वागवानी समूह विकासलाई बढ़ावा दिन गेजिङको भ्रमण गर्यो

वागवानी विभागको एक प्राविधिक टोलीले हालै दाराप, नेस्सा र चोङराङ लगायत गेजिङ जिल्लाका विभिन्न वागवानी समूहहरूमा व्यापक अनुगमन र मूल्याङ्कन भ्रमण गरेको थियो। भ्रमणको उद्देश्य चालू वागानी पहलहरूको कार्यसम्पादन समीक्षा गर्नु, किसानहरूसँग अन्तरक्रिया गर्नु र प्रमुख बालीहरूमा उत्पागन र गुणस्तर सुधार गर्न क्षेत्रीय प्राविधिक मार्गदर्शन प्रदान गर्नु थियो ।

सुरेन गुरूङ, अतिरिक्त निर्देशक, रिन्जिङ भुटिया, अतिरिक्त निर्देशक, र कर्मा शेर्पा, अतिरिक्त निर्देशक तथा जिल्ला इन्चार्ज गेजिङ, उपनिर्देशकहरू र क्षेत्रीय अधिकारीहरू सहित, विभिन्न क्लस्टरहरूमा बाली प्रदर्शनमा सकारात्मक दृष्टिकोणका साथ मिशन को समापन भयो ।